विश्वकप २०२६

# समूह सी मा ब्राजिललाई सहज प्रतिद्वन्द्वी



■ **फिरोज राजोपाध्याय**

पाँचपटकको विश्व च्याम्पियन ब्राजिल जून ११ देखि सुरु हुने फिफा विश्वकपअन्तर्गत समूह सी मा परेको छ। यस समूहमा ब्राजिलको प्रतिद्वन्द्वीहरू औसत खालका टिमहरू रहेका छन्। यसअनुसार ब्राजिलको लागि समूह चरण कटानउन त्यति समस्या नपर्ला।

### ब्राजिल

ब्राजिल फिफा विश्वकपमा सर्वाधिक उपाधि जित्ने टिम हो। अहिलेसम्म ब्राजिलले ५ पटक विश्वकपको उपाधि जितिसकेको छ। १९५८ मा पहिलोपटक उपाधि जितेको ब्राजिलले अर्को संस्करण १९६२ को विश्वकप उपाधि पनि जित्यो। यसपछि १९६६ मा ब्राजिल कमजोर देखियो। तर, १९७० को विश्वकपमा उपाधि जितेर ब्राजिलले विश्वकप उपाधिमा ह्याट्रिकसमेत गर्‍यो। यसपछि विश्वकप १९९४ जितेको ब्राजिलले २००२ को विश्वकप उपाधि जितेको हो।

### स्कटल्यान्ड

स्कटल्यान्ड ६ संस्करणको ग्यापपछि विश्वकपमा छनोट भएको छ। पछिल्लोपटक १९९८ को विश्वकप खेलेको स्कटल्यान्डले खासै राम्रो प्रभाव छोड्न सकेको छैन। ८ पटक विश्वकपमा खेलेको स्कटल्यान्डले नकआउटमा स्थान बनाएको छैन। यसपटक ब्राजिलसँगैं अफ्रिकी टोली मोरक्को पनि बलियो नै देखिन्छ। यसकारण स्कटल्यान्डको लागि यसपटक पनि समूह चरण पार गर्न कठिन नै हुने देखिन्छ।

### मोरक्को

अफ्रिकी राष्ट्र मोरक्को गत विश्वकप २०२२ मा सानदार प्रदर्शन गरेको टिम हो। कतारमा सम्पन्न सो विश्वकपमा मोरक्कोले क्रिस्टियानो रोनाल्डोको पोर्चुगललाई हराएर सेमिफाइनलको यात्रा गरेको थियो। सेमिफाइनलमा भने फ्रान्ससँग पराजित भएको थियो। मोरक्कोले यसपालि पनि यस्तै प्रदर्शन गर्ला भन्ने अनुमान लगाउन सकिन्छ। किनभने मोरक्को हालै सम्पन्न अफ्रिकी कपको फाइनलमा पनि पुगेको थियो।

### हाइटी

हाइटीको यो विश्वकप दोस्रोपटकको सहभागिता हुनेछ। यसअघि १९७४ को विश्वकपमा खेलेको हाइटीको यात्रा समूह चरणसम्मै रहेको थियो। तर, यसपटक पनि हाइटीको लागि समूह चरण पार गर्न मुस्किल नै हुनेछ। समूहमा ब्राजिल, मोरक्को जस्ता बलियो टिमहरूविरुद्ध हाइटीले सामना गर्नु पर्ने हुन्छ।

## नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित : २०८३/०२/२०**

यस कम्पनीको मिति २०८३/०१/१८ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साबिक श्री ए.एस.सी. थ्री सिक्सटी एड्भेन्चर्स ट्राभल्स एण्ड टुर्स प्रा.लि. (प्रा.लि. नं. ३६६६८६/८१/८२) को सम्पूर्ण चल, अचल सम्पति र दायित्व सकार्ने/व्यहोर्ने गरि, श्री कम्पनी रजिस्ट्रारको कार्यालयको मिति २०८३/०१/२८ को निर्णय अनुसार, यस कम्पनीको नाम परिवर्तन भएर, हाल **मिसन आउटडोर्स नेपाल प्रा. लि.** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**RANGEHOOD**
MODEL NO: DM-T09
ORIGEN: CHINA
MRP PRICE: 15002.36
**ORCHID ELECTRICALS PVT. LTD.**
SITAPAILA 4,
KATHMANDU NEPAL
EXIM CODE NO:
600109270101NP
TEL NO: 014034990

## इस्लिङ्टन कलेज प्रा.लि. काठमाण्डौको शैक्षिक कार्यक्रमको नाम परिवर्तन गर्ने सम्बन्धी सूचना

यस संस्थाले सम्बन्धित निकायको अनुमति स्वीकृति प्राप्त गरी विदेशी विश्वविद्यालयको सम्बन्धनमा उच्च शिक्षाका विभिन्न शैक्षिक कार्यक्रमहरू कामनपा वडा नं. ३० मा सञ्चालन गरिरहेको छ। London Metropolitan University, UK, द्वारा सम्बन्धन प्राप्त शैक्षिक कार्यक्रम BA (Hons) Business Administration (4 Years) को नाम परिवर्तन गरी BA (Hons) Business Administration (3 Years) राखी सञ्चालन अनुमती प्रदान गरेकाले शैक्षिक कार्यक्रमको नाम परिवर्तन स्वीकृतिका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। कसैको हकदाबी लाग्ने भएमा वा कसैको यो सूचना उपर कुनै उजुर बाजुर रहेमा यो सूचना प्रकाशित भएको ३५ दिन भित्र सम्बन्धित निकायमा प्रमाण सहित लिखित उजूरी गर्नु हुन यसै सूचनाद्वारा सुचित गरिन्छ।

## हेराल्ड कलेज प्रा.लि. काठमाण्डौको शैक्षिक कार्यक्रमको नाम परिवर्तन गर्ने सम्बन्धी सूचना

यस संस्थाले सम्बन्धित निकायको अनुमति स्वीकृति प्राप्त गरी विदेशी विश्वविद्यालयको सम्वन्धनमा उच्च शिक्षाका बिभिन्न शैक्षिक कार्यक्रमहरू कामनपा वडा नं. १ मा सञ्चालन गरिरहेको छ। University of Wolverhampton, Uk, द्वारा सम्बन्धन प्राप्त शैक्षिक कार्यक्रम BSc (Hons) International Business Management (4 Years) को नाम परिवर्तन गरी BSc (Hons) International Business Management (3 Years) राखी सञ्चालन अनुमती प्रदान गरेकाले शैक्षिक कार्यक्रमको नाम परिवर्तन स्वीकृतिका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। कसैको हकदाबी लाग्ने भएमा वा कसैको यो सूचना उपर कुनै उजुर बाजुर रहेमा यो सूचना प्रकाशित भएको ३५ दिन भित्र सम्बन्धित निकायमा प्रमाण सहित लिखित उजूरी गर्नु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ।

## सहारा मल्टिपर्पस को-अपरेटिभ सोसाईटी लिमिटेड

प्रधान कार्यालय, मलंगवा, सर्लाहीको
फोन नं. ०४६-५२१६०४, ५२१३०४

## गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्ने शिलबन्दी बोलपत्र (टेण्डर) आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०२।२० गते**

यस संस्थाको संचालक समितिको बैठकको निर्णयानुसार संस्थाको नाममा भूमि सुधार तथा मालपोत कार्यालयमा दर्ता श्रेस्ता कायम रहेको तपशिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्ति (घर/जग्गाहरु) जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्था र परिणाममा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गरिने भएकोले लिन चाहने व्यक्ति/संस्थाले आफूले दिने मूल्य समेत खुलाई निम्न शर्तहरुको अधिनमा रही मिति **२०८३।०३।१२** गते सम्ममा यस संस्थाको प्रधान कार्यालय मलंगवा, सर्लाहीमा आई पुग्ने गरी शिलबन्दी बोलपत्र दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | हालको जग्गाधनीको नाम | पूर्व जग्गाधनीको नाम | जग्गाको विवरण | जग्गाको न्यूनतम मूल्य |
|---|---|---|---|---|
| १. | **सहारा मल्टिपर्पस** को-अ.सो.लि. मलंगवा, सर्लाही | जकी अहमद | जि.सर्लाही धर्मपुर भाडसर वार्ड नं. ६ कि.नं. ५८ को क्षेत्रफल ०-१३-१० | १६८७५००।०० (अक्षरेपी रु.सोह्र लाख सतासी हजार पाच सय मात्र) |
| २. | **सहारा मल्टिपर्पस** को-अ.सो.लि. मलंगवा, सर्लाही | मधुकान्त झा | जि.सर्लाही सलेमपुर वार्ड नं. ५।ग को कि.नं. १०६४ को क्षेत्रफल ०-०-७.५ | ६०००००।०० (अक्षरेपी रु.छ लाख मात्र) |
| ३. | **सहारा मल्टिपर्पस** को-अ.सो.लि. मलंगवा, सर्लाही | संजय महतो सुडी | जि.सर्लाही पर्सा वार्ड नं. ७ कि.नं. ७५० को क्षेत्रफल ०-०-११.५, कि.नं. ७५६ को क्षेत्रफल ०-१-१५.५, कि.नं. ७५३ को क्षेत्रफल ०-०-११, कि.नं. ७४७ को क्षेत्रफल ०-०-१२, कि.नं. ५३९ को क्षेत्रफल ०-०-१०, कि.नं. ७५७ को क्षेत्रफल ०-०-५, कि.नं. १९८ को क्षेत्रफल ०-२-० | १२५००००।०० (अक्षरेपी बाह्र लाख पचास हजार मात्र) |

**शर्तहरु :**

१. शिलबन्दी बोलपत्र (शिल टेण्डर) फारम रु.१०००/- मा यसै संस्थाको प्र.का. मलंगवा, सर्लाहीबाट प्राप्त गर्न सकिने छ।
२. रीत नपुगेको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन।
३. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृत गर्ने अधिकार यस संस्थाको संचालक समितिमा सुरक्षित रहने छ।
४. आफूले दिन चाहेको मूल्य अंक र अक्षरमा प्रष्ट लेखिएको हुनु पर्नेछ।
५. संघ संस्थाको हकमा संस्थाको छाप अख्तियारनामा र निज अख्तियारवाला कर्मचारीको दस्तखत अनिवार्य हुनु पर्दछ।
६. शिल टेण्डर र खाममा लाहा छाप समेत लगाई दिनु पर्नेछ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ दिन भित्र दाखिला गरि जग्गा नामसारी गराई सक्नु पर्नेछ।
८. टेण्डर साथ आफूले दिन चाहेको मूल्यको न्यूनतम १० प्रतिशत रकम यसै संस्थाको नाउँमा रहेको **नविल बैंक लिमिटेड मलंगवा शाखाको खाता नं. २००१०१७५००५२८** मा दाखिला गरि सो को सक्कल बैंक भौचर रसिद टेण्डर साथ राखेको हुनु पर्नेछ।
९. टेण्डर मिति :- **२०८३/०३/१२** गते दिनको १० बजेदेखि १२ बजेसम्म शिलबन्दी टेण्डर दर्ता गरिने र दिनको २ बजे यस संस्थाको प्रधान कार्यालय मलंगवा, सर्लाहीमा टेण्डरदाता र निजको साथै विभिन्न कार्यालयहरुको प्रतिनिधिहरुको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित प्रतिनिधिहरुको रोहवरमा खोलिने छ।
१०. टेण्डर दर्ता अथवा खोलिने दिन सार्वजनिक विदा परेको खण्डमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन हुनेछ।
११. अन्य जानकारी चाहेमा यसै संस्थाको प्रधान कार्यालयमा कार्यालय समयभित्र आई बुझ्न सकिने छ।

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, सुर्यविनायक शाखाको १५ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८३/०२/२० गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ साल चैत्र महिना ०६ गतेको 'राजधानी' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८३ साल वैशाख महिना १७ गतेको 'नेपाल समाचारपत्र' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ। धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिलः**

| |
|---|
| **ऋणीको नाम, थर र ठेगाना :** |
| तिर्थ बहादुर बस्नेतको नाती, केशब बहादुर बस्नेतको छोरा, भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स. वडा नं. ०५ बस्ने **मनोज कुमार बस्नेत**। |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| केशब बहादुर बस्नेतको नातीनी, मनोज कुमार बस्नेतको छोरी, भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. ३ बस्ने **बिपना बस्नेत**। |
| केशब बहादुर बस्नेतको नातीनी, मनोज कुमार बस्नेतको छोरी, भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. ०५ बस्ने **महिमा बस्नेत**। |
| यज्ञ बहादुर खड्काको छोरी, मनोज कुमार बस्नेतको श्रीमती, भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स. वडा नं. ०५ बस्ने **तुलसा बस्नेत**। |
| केशब बहादुर बस्नेतको नातीनी, मनोज कुमार बस्नेतको छोरी, भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. ०५ बस्ने **अनिसा बस्नेत**। |
| कमल बहादुर कार्कीको नाती, विनोद कार्कीको छोरा, भक्तपुर जिल्ला, नंखेल गा.वि.स. वडा नं. ०६ बस्ने **विक्रम कार्की**। |
| **धितो सुरक्षणको विवरण :** |
| **मनोज कुमार बस्नेत**को नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स./न.पा. वडा नं. ५ को नक्सा सिट नं. ५(क)को कित्ता नं. १७५५ को ०-८-०-० (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत। |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा यस बैंकको कुनै पनि शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ। तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
५. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा सुर्यविनायक शाखामा सम्पर्क गर्न सकिने छ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन।
१०. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८३ साल असार महिना ०३ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८३ साल असार महिना ०५।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ।**
**समय : दिनको ३:०० बजे।**

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

## सूचि दर्ता गर्ने बारे १५ दिने सूचना

**प्रकाशित मिति : २०८३/०२/२० गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिका**

यस आईएमई को-अपरेटिभ सर्भिस लि. लाई दैनिक कार्य संचालनका लागि आ.व. २०८३/०८४ मा आवश्यक पर्ने तपसिल बमोजिमका सामग्री तथा सेवाहरु पटक-पटक वा एकै पटक खरिद गर्नुपर्ने भएकोले सम्बन्धित वस्तु तथा सेवाको कारोवार गर्न स्वीकृत प्राप्त गरेका ईच्छुक आपूर्तिकर्ता, सेवा प्रदायक फर्म/संस्था र कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र संस्था दर्ता/नवीकरण भएको ईजाजतपत्र, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित कार्यालयको सम्पर्क व्यक्ति, सम्पर्क फोन नं तथा इमेल ठेगाना स्पष्ट उल्लेख हुने गरी प्रत्येक कार्यका लागि छुट्टा-छुट्टै निवेदन दर्ता गराउन यस संस्थाको केन्द्रीय कार्यालय सामान्य सेवा विभाग कान्तिपथ काठमाण्डौमा सम्पर्क राख्नु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आपूर्ति र उपलब्ध गराउनुपर्ने सामान तथा सेवाहरु**

१. स्टेशनरी, मसलन्द तथा कार्यालय संचालन सामाग्रीहरु।
२. छपाई सम्बन्धी कार्य।
३. फर्निचर एवं फर्निसिङ्ग (खरिद तथा मर्मत) र सो सम्बन्धी कार्य (काठ, स्टिल तथा अन्य)।
४. मेसिनरी औजार तथा उपकरण (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, यु.पि.एस., ब्याट्री, सि.सि. क्यामेरा, टेलिफोन, ईन्टरकम, एयरकण्डिसन र जेनरेटर लगायत सेवाहरु आपूर्ति तथा मर्मत सम्बन्धमा।
५. वेबसाइट/सफ्टवेयर बनाउने तथा मर्मत सेवा।
६. इन्टरनेट, सर्भर, ए.टि.एम. मेसिन र यसका एसेसोरिज, नेटवर्किङका लागि विभिन्न डिभाईसहरु र अन्य आई.टी. एसेसोरिज आपूर्ति तथा मर्मत।
७. खानेपानी आपूर्ति सम्बन्धमा।
८. प्रचार प्रसार तथा ब्यापार प्रवर्द्धन सम्बन्धी पम्प्लेट, पोष्टर, ग्लो बोर्ड, साइन बोर्ड आदी कार्यहरु।
९. विज्ञापन एजेन्सी तथा कुरियर सम्बन्धी सेवाहरु।
१०. इलेक्ट्रिक र इलेक्ट्रोनिक सामानहरु आपूर्ति तथा मर्मत सम्बन्धमा।
११. प्लम्बिङ्ग, इलेक्ट्रिसियन सामाग्रिहरु आपूर्ति तथा मर्मत सम्बन्धी सेवा।
१२. कार्यालय निर्माण तथा पुनःनिर्माण, आन्तरिक सजावट कार्य र आन्तरिक सजावट परामर्शदाता (Interior Consultant) फ्लोरिङ तथा फर्निसिङ्गका सामाग्रीहरु आपूर्ति सम्बन्धमा।
१३. प्रिन्टर, फोटोकपि मेशिनको इंक, रिबन, टोनर तथा कार्टेजहरु आपूर्ति सम्बन्धमा।
१४. सुरक्षा सेवा तथा सरसफाई आउटर्सोस सम्बन्धमा।
१५. ट्राभल एजेन्सी (हवाई टिकट) सम्बन्धमा।
१६. Gardening सेवा सम्बन्धमा।

नेपाल सरकार साविक डिभिजन सहकारी कार्यालय हालः सहकारी विभागबाट इजाजत प्राप्त संस्था

**IME Co-operative Service Ltd.**
आईएमई को-अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
+977 01 5329601 +977 01 5339602 +977 01 5339603
info@imecsl.com www.imecsl.com

## गोप्य शिलबन्दी बोलपत्रद्वारा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३।०२।२० गते
सूचना नं : १२९-०८२/०८३

यस संघबाट तपशिलमा उल्लेखित ऋणी सस्थां एवं धितो जमानीकर्ताले उपभोग गरेको कर्जाको सांवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लघंन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा सुचना गर्दा समेत तिर्न बुझाउन पर्ने कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले यो धितो लिलाम सम्बन्धी १५ दिने सूचना प्रकाशित गरीएको छ। अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्बसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले कबोल गरेको रकम सहितको बोलपत्र पेश गर्नु हुन एवं ऋणी संस्था तथा धितो जमानीकर्ताले सघंको लेना रकम १५ दिन भित्र चुक्ता गर्नुहुन समेत अनुरोध गर्दछौं। अन्यथा सूचना प्रकाशित भएको १६ औ दिनमा प्राप्त बोलपत्र खोलिने छ, साथै लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्बक बोलपत्र नपरेमा वा धितोकर्ताले समेत आफुले दिएको जमानतको घरजग्गा फिर्ता लिन कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य लागेको दैदस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानुन बमोजिम यस संघको विनियम र अन्तरलगानी नीतिले दिएको अधिकार प्रयोग गरी संघलाई लेखिदिएको धितो लिलाम विक्री वा धितो सुरक्षण सम्पती पुनः लिलाम बिक्री वा यस संघ आफैले सकार गरी लिने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ। धितो लेखिदिएको सम्पती लिलाम बिक्री गर्दा वा संघ आफैले सकार गर्दा साबिकमा संघबाट भएको मुल्याकंन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो, हाम्रो सम्पतीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संघ आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रीबाट पनि यस संघको सम्पुर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पतीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन बमोजिम कालो सुचिमा समाबेश गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराईन्छ।

**तपशिल**

| ऋणी सस्थाको नाम : यति बचत तथा ऋण सहकारी संस्था लि., बालकुमारी, ललितपुर |
|---|
| **संचालकहरुको विवरण** |
| १. अध्यक्ष : राम लाल अवाले, बाबुको नाम : राम अवाले, बाजेको नाम : पूर्णलाल अवाले |
| २. उपाध्यक्ष : श्याम बहादुर बास्ताकोटी, बाबुको नाम : धन श्याम बास्ताकोटी, बाजेको नाम : दिप बहादुर बास्ताकोटी |
| ३. सचिव : पूर्ण कृष्ण श्रेष्ठ, बाबुको नाम : राम कृष्ण श्रेष्ठ, बाजेको नाम : अष्ट नारायण श्रेष्ठ |
| ४. कोषाध्यक्ष : योगेन्द्र कार्की, बाबुको नाम : चुडा बहादुर कार्की, बाजेको नाम : सम्मर बहादुर कार्की |
| ५. सदस्य : इन्द्र कुमारी महर्जन, बाबु/पतिको नाम : कृष्णलाल महर्जन, बाजे/ससुराको नाम : जगोधन अवाले |
| ६. सदस्य : राम कृष्ण अवाले, बाबुको नाम : राम अवाले, बाजेको नाम : पूर्णलाल अवाले |
| ७. सदस्य : नवराज पोखरेल, बाबुको नाम : कुबेर प्रसाद पोखरेल |
| **धितोदाता एवं धितोको बिबरण** १. सेचा महर्जनको बुहारी आपुल महर्जनको श्रीमती भिम लाल महर्जनको छोरी नानी महर्जनको नाममा श्री भूमि प्रशासन कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको, ललितपुर जिल्ला साबिक लामाटार गा.बि.स./न.पा. वडा नं ९ग, कित्ता नं ६१७ र ६१९ को क्षेत्रफल क्रमशः ८३.४६ र ५३.६६ व.मी.को जग्गा र सो ले चर्चेको लिगलगापात समेत। |

| ऋणी संस्थाको नाम : सुनौलो बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुर, सल्लाघारी |
|---|
| **संचालकहरुको विवरण** |
| १.अध्यक्ष : रत्न प्रसाद प्रजापती, बाबुको नाम : जगत बहादुर प्रजापती, बाजेको नाम : सिरी बहादुर प्रजापती |
| २.उपाध्यक्ष : नारायण भक्त ख्यामली, बाबुको नाम : बुद्धि कुमार ख्यामली, बाजेको नाम : आशामरु ख्यामली |
| ३.सचिव : रामहरि न्यौपाने, बाबुको नाम : इन्द्र नाथ न्यौपाने, बाजेको नाम : बिष्णु प्रसाद न्यौपाने |
| ४.कोषाध्यक्ष : सुनिता खत्री, बाबुको नाम : बाल कुमार खत्री, बाजेको नाम : लाल बहादुर खत्री |
| ५.सदस्य : कमला भुसाल, बाबु/पतिको नाम : लक्ष्मी नारायण भुसाल/दिपक कुमार भुसाल, बाजेको नाम : बाल कृष्ण भुसाल |
| ६.सदस्य : मैंया ब्यञ्जनकार, बाबुको नाम : मान बहादुर ब्यञ्जनकार, बाजेको नाम : शंक बिर ब्यञ्जनकार |
| ७ तत्कालिन उपाध्यक्ष : सालिकग्राम रिमाल, बाबुको नाम : कृष्ण प्रसाद रिमाल, बाजेको नाम : भबनात्त रिमाल |
| ८.तत्कालिन सचिब : बिमल भण्डारी, बाबुको नाम : उदय प्रसाद भण्डारी, बाजेको नाम : मनोरथ भण्डारी |
| ९.तत्कालिन सदस्य : दिपक प्रजापती, बाबुको नाम : जगत बहादुर प्रजापती, बाजेको नाम : सिरी बहादुर प्रजापती |
| **धितोदाता एवं धितोको बिबरण** १. बिष्णु प्रसाद न्यौपानेको नाती इन्द्र नाथ न्यौपानको छोरा रामहरी न्यौपानको नाममा श्री भूमि प्रशासन कार्यालय भक्तपुरमा दर्ता श्रेष्ता कायम रहेको, भक्तपुर जिल्ला साबिक दधिकोट गा.वि.स./न.पा. वडा नं ६, नक्सा सिट नं. ६ ख, कित्ता नं. १८७३ को क्षेत्रफल १-२-२-० (रोपनी)/५८८.२३ व.मी.को जग्गा र सो ले चर्चेको लिगलगापात समेत। २. कृष्ण बहादुर थापाको बुहारी रघुनाथ बुढाथोकिको छोरी जनक थापाको श्रीमती राधिका थापाको नाममा श्री भूमि प्रशासन कार्यालय भक्तपुरमा दर्ता श्रेष्ता कायम रहेको, भक्तपुर जिल्ला साबिक दुवाकोट गा.वि.स./न.पा. वडा नं ७, नक्सा सिट नं. ७ ख, कित्ता नं. १३१८ र १३२० को क्षेत्रफल क्रमशः ०-३-३-३ (रोपनी)/१२५.१९ व.मी. र ०-४-३-२ (रोपनी)/१५४.९९ व.मी.को जग्गा र सो ले चर्चेको लिगलगापात समेत। |

**शर्तहरु**

१. बोलपत्र फाराम यस संघको केन्द्रिय तथा सदस्य सेवा कार्यालयहरुबाट रु.२००० (अक्षेरुपी दुई हजार) रुपैया मा फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।
२. बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पतीको बिबरण यस संघबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट बिबरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिईने छ। बोलपत्रमा उल्लेख भएका विषय वाहेक अन्य कुनै थप शर्त राखी वोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वतः रद्ध हुनेछ।
३. बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संघको केन्द्रिय कार्यालयको नाममा रहेको ग्लोबल आई.एम.ई बैंक, बानेश्वरमा रहेको खाता नं १७२०१०१००००३०५ मा जम्मा गरेको सक्कल भौचर वा यस संघमा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगाबै यस संघको केन्द्रिय कार्यालय बानेश्वरमा कार्यालय सञ्चालन समय भित्र सम्पर्क राखि जे जस्तो अबस्थामा छ सोहि अबस्थामा निरिक्षण गर्न सकिनेछ। साथै सोहि अबस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र सम्पुर्ण रकम बुझाई अचल सम्पती आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ। नामसारी गर्दा लाग्ने दस्तुर, पुँजिगत लाभकर, पानी, बत्ति, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पुर्ण कार्यगर्ने अधिकार संघमा निहित हुनेछ।
९. बोलपत्र सदर बदर हुनु अगाबै ऋणिले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ। धरौटी स्वरुप राखेको रकममा ब्याज दाबि गर्न पाईनेछैन।
१०. उल्लेखित धितोपत्रहरुका लागि एकमुष्ट वा छुट्टा छुट्टै बोलपत्र पेश गर्न सकिनेछ।
११. लिलाम सूचना प्रकाशित भएको मितीले १५ दिन भित्र बोलपत्र पेश गर्नुपर्ने छ। उक्त दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ। लिलाम सूचना प्रकाशित मितिले १६ औ दिन दिउसो कार्यालय सञ्चालन समय भित्र संघको सदस्य सेवा कार्यालय ललितपुर र भक्तपुरमा बोलपत्र खोलिनेछ। यदि १६ औ दिनमा सार्बजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ। १५ दिन सम्म ऋणी वा धितोवालाले संघको ऋण चुक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ।
१२. प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने ब्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। यदी बोलपत्र पेश गर्ने ब्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संघलाई बाधा परेको मानिने छैन।

**नेफस्कून**
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
केन्द्रीय कार्यालय, मिनभवन, काठमाडौं, फोन नं. ०१-४७९१९६३, ४७९०२०१, इमेलः nefscun@nefscun.org.np